# अध्याय २ : सामाजिक मुल्य र मान्यताहरू

## परिचय :

परम्परागत विश्वास, मूल्य-मान्यताहरू, साथीहरू र परिवारले के सोच्दछन् भन्ने कुराले एउटी महिलालाई उनले बच्चा जन्माउने कि नजन्माउने, बच्चा नजन्माउनका लागि परिवार नियोजनको साधन प्रयोग गर्ने कि नगर्ने आदि बारे महशुस गर्न बाध्य पार्छ। परिवार नियोजनको साधनहरूको प्रयोगको सम्बन्धमा गलत सूचना र गलत धारणाहरूले गर्दा महिलालाई परिवार नियोजनको साधन छनौट गर्नका लागि गाह्रो भइरहेको हुन्छ। परिवार नियोजनका च्याम्पियनहरू, जस्तै स्वास्थ्य स्वयंसेविका तथा सामुदायिक प्रवर्धकहरूले समुदायका मानिसलाई यसको विषयवस्तुलाई बुझ्न र साधनको छनौट गर्नको लागि सहयोग पुऱ्याउन सक्छन् जसले गर्दा उनीहरूले आफ्नो र परिवारको स्वास्थ्यको लागि उचित निर्णय लिन सक्छन्। खासगरी यस खेलको माध्यमबाट सामुदायिक अगुवा महिला कार्यकर्तालाई परिवार नियोजन सम्वन्धी उनीहरुसंग भएको ज्ञानलाई प्रयोग गरी उनीहरुको आत्मविश्वासमा विकास गरी आफू र अरुको बारेमा वकालत गर्न सहयोग गर्दछ।

## मूख्य सन्देशहरू :

- परिवार नियोजनको साधनहरू प्रयोग, छनौट र त्यसबारे निर्णय लिन महिला र पुरुष दुबैको जिम्मेवारी बराबरी हुन्छ।
- दम्पत्तीले कहिले गर्भवती हुने, कति वटा बच्चा जन्माउने, जन्मान्तर कसरी राख्ने तथा बच्चाको रहर पुगिसकेपछि गर्भवती नहुने वा गर्भान्तर राख्ने सम्बन्धमा आफै छनौट

गर्नसक्छन् ।

- विवाह ढिलो गर्दा तथा पहिलो बच्चा जन्माउन ढिलाइ गर्दा महिला, पुरुष एवं दम्पत्तीलाई नै फाइदा पुग्न जान्छ ।
- कहिले गर्भवती हुने, कति वटा बच्चा जन्माउने, जन्मान्तर कसरी राख्ने भन्ने कुराको छनौट गर्न युवायुवतीहरूले परिवार नियोजन र प्रजनन् बारेमा जान्न वा सिक्न आवश्यक छ ।

## यस अध्यायमा समावेश गरिएका खेलहरू :

- खेल ग : खुट्टे खेल

थप खेलहरु :

- खेल च : सहमत -असहमत खेल
- खेल छ : तातो आलु
- खेल ज : भूमिका खेल

## यस अध्यायको लागि आवश्यक पर्ने सामग्रीहरू :

चक वा कुनै रंगिन बस्तु जसले भूँईमा राम्ररी कोर्न सकियोस्

- एउटा सानो चेप्टो ढुङ्गा